# राजपत्र

शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ७ शुद्धोधन, असार १० गते, २०८१ साल संख्याः २ अतिरितांकः-२०८१/०३/१०


## भागः १

## शुद्धोधन गाउँपालिका

## शुद्धोधन गाउँपालिकाको विनियोजन ऐन, २०८१

### शुद्धोधन गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१

**प्रस्तावनाः** शुद्धोधन गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम १६ औं गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम "शुद्धोधन गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

२) यो ऐन श्रावण १ देखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

१)आर्थिक वर्ष २०८१।०८२ को निमित्त शुद्धोधन गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७०,२७,४८०००/- **(अक्षेरुपी सत्तरी करोड सत्ताइस लाख अड्चालिस हजार मात्र)** मा नबढाई

निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ। तर गत वर्षको अ.ल्या. अन्तरसरकारी वित्त हस्तान्तरण तथा अन्य कोष खाताका रकम खर्च कानून बमोजिम हुनेछ । ससर्ततर्फ र समपुरक तर्फको रकम समेत प्रचलित कानूनको अधिनमा रहि खर्च गरिनेछ ।

**३. विनियोजनः**

१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।०८२ को निमित्त शुद्धोधन गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।आ.व. २०८१।०८२ को व्ययको विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

**अनुसूची-१**

| | |
|---|---|
| | **समष्टिगत व्ययको विवरण** |
| ख) शुद्दोधन गाउँकार्यपालिकाद्धारा आगामी आ.व. ०८१/०८२ को अनुमानित व्ययको प्रक्षेपण रु. ७०,२७,४८०००/- (अक्षेरुपी सत्तरी करोड सत्ताइस लाख अड्चालिस हजार मात्र) | |

प्रमाणिकरण मितिः २०८१/०३/१०

आज्ञाले
विष्णु बहादुर घर्ती
प्रमुख प्रशासकिय अधिकृत